# तिनाउ विकास बैंक लिमिटेड
# Tinau Development Bank Limited

केन्द्रीय कार्यालयः बुटवल-८, रुपन्देही, फोन नं. ०७१-५४५२०५/५४५५७६ फ्याक्सः ०७१-५४२८१२
E-mail: info@tinaubank.com Website: tinaubank.com

को

## दशौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७३।०६।११ गते)

यस बैंकको मिति २०७३।०६।०९ गते बसेको सञ्चालक समितिको १९७औं बैठकको निर्णयानुसार निम्न लिखित विषय उपर छलफल गरी निर्णय गर्न यस बैंकको दशौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएको हुंदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि अनुरोध गर्दछु ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७३।०७।०८ गते (24 Oct, 2016) सोमबार ।
समय : बिहान ९:०० बजे ।
स्थान : क्लब डेनोभो प्रा.लि. (बुटवल ११, कालिकानगर, शिवमन्दिर अगाडि)

**छलफलका बिषयहरु :**

**क) सामान्य प्रस्तावहरु**

१) सञ्चालक समितीको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिबेदन प्रस्तुत र सो उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
२) आ.व. ०७२/७३ को लेखा परिक्षण प्रतिबेदन, २०७३ आषाढ मसान्त सम्मको वासलात, नाफा नोक्सान तथा नगद प्रवाह विवरण तथा अनुसुचिहरुमा छलफल गरि पारित गर्ने सम्बन्धमा ।
३) आ.व.०७३/७४ को लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
४) संचालक समितिले प्रस्ताव गरे बमोजिम कर प्रयोजनको लागि चुक्ता पूँजीको १.३१५७८९४७३ प्रतिशतले नगद लाभांश रु.३५,९३,३७१।७१ स्वीकृत गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्तावहरुः**

१) संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको २५ प्रतिशतका दरले बोनस शेयर स्वीकृत गर्ने ।
२) जारी पूँजी र चुक्ता पूंजी बृद्धि गर्ने सम्बन्धमा ।
३) चुक्ता पूँजीको ३५ प्रतिशत अर्थात १०:३.५ को अनुपातमा हकप्रद शेयर जारी गर्ने सम्बन्धमा ।
४) हकप्रद शेयर जारी गर्दा Fraction को कारण बढी चुक्ता पूँजी जम्मा भएमा प्रबन्धपत्र तथा नियमावलीमा जारी तथा चुक्ता पूँजी बृद्धि गरि शेयर अनुपात मिलाई अभिलेख गराउन संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।
५) प्रबन्ध पत्र र नियमावलीका विभिन्न दफा तथा नियमहरुमा आवश्यक संशोधन र परिमार्जन गर्ने प्रस्ताव पारीत गर्ने तथा उक्त संशोधन र परिमार्जनमा नियमनकारी निकायबाट स्वीकृत गराउनको लागी आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि सञ्चालक समितीलाई अख्तियारी दिने ।

**ग) विविध ।**

***पुनश्चः यस साधारण सभामा उपस्थितिको लागि शेयरधनी महानुभावहरुलाई निमन्त्रणा कुरियर तथा बैंकको कर्मचारी मार्फत पठाइएकोमा कथंकदाचित शेयरधनी महानुभावहरुले निमन्त्रणा प्राप्त नगर्नु भएमा यसै सूचनालाई आधार मानी उक्त दिन साधारण सभामा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं।***

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी सामान्य जानकारीः**

१. वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०७३।०६।१९ गते बैंकको शेयर दाखिल खारेज दर्ता बन्द रहने छ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०७३।०६।१८ गते सम्म कारोबार भइ कायम शेयरधनीहरुले मात्र सभामा भाग लिन पाउने छन् ।
२. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।
३. शेयरधनी महानुभावहरूको उपस्थितिका लागि शेयरधनी उपस्थिति पुस्तिका बिहान ८.०० बजे देखि सभा चालु रहेसम्म खुल्ला रहनेछ ।
४. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरू हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै बैंकको केन्द्रिय कार्यालय, हस्पिटल लाइन, बुटवलमा दर्ता गराई सक्नुपर्नेछ । बैंकको शेयरधनी बाहेक अरूलाई प्रोक्सी दिन पाइने छैन, यसरी दिएको प्रोक्सी बदर हुनेछ ।
५. एक जना शेयरधनीले एकभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा सबै प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ । तर प्रतिनिधि (प्रोकसी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधिपत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधिपत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रोक्सी फारम बैंकको केन्द्रिय कार्यालयमा सभा शुरू हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइनेछ ।
६. बुंदा ४ र ५ उल्लेखित दिन सार्बजनिक विदा परेमा समेत सो प्रयोजनको लागि बैंकको केन्द्रिय कार्यालय, कार्यालय समयमा खुल्ला रहनेछ ।
७. प्रतिनिधि नियुक्त गरिसकेको शेयरधनी आफै सभामा उपस्थित भइ हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।
८. एकभन्दा बढि व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एकजनाले मात्र वा शेयरधनीको दर्ता किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नेछन् ।
९. नाबालक वा मानसिक सन्तूलन ठीक नभएको शेयरधनीहरूको तर्फबाट बैंकको शेयर लगत दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भइरहेका महानुभावहरुले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नु हुनेछ ।
१०. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभवहरू सभा स्थलमा आउंदा झोला, व्याग जस्ता बस्तुहरु नलिइआउनुहुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले चेक जांच गर्न सक्ने हुंदा सो कार्यमा सहयोग गरिदिनुहुन समेत अनुरोध गरिन्छ ।
११. साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र बैंकको केन्द्रिय कार्यालय, बुटवल ८, हस्पिटललाइन, रुपन्देहीमा सम्पर्क राख्नुहुन समेत अनुरोध गरिन्छ ।